




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



तराई, पहाड, हिमाल
साक्षर बनाऔं नेपाल

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❑ वर्ष २२ ❑ अङ्क ७० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत ११ गते बुधबार ❑ 24 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## राष्ट्रपति भण्डारीको राजकीय भ्रमण फलदायी : मन्त्री ज्ञवाली

**रासस**
**काठमाडौं, १० चैत**

परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले राष्ट्रपति विद्यादेवी भण्डारीको बङ्गलादेशको दुई दिवसीय राजकीय भ्रमण फलदायी भएको बताएका छन् ।

राष्ट्रपति भण्डारी भ्रमण पूरा गरी मंगलबार स्वदेश फर्कने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री ज्ञवालीले भ्रमणबारे जानकारी गराउँदै भ्रमणले नेपाल तथा बङ्गलादेशबीचको द्विपक्षीय सम्बन्धलाई थप उचाइमा पुऱ्याउन मद्दत पुगेको बताए ।

बङ्गलादेशका राष्ट्रपति मोहम्मद अब्दुल हमिदको मैत्रीपूर्ण निमन्त्रणामा त्यहाँका राष्ट्रपिता बङ्गबन्धु शेख मुजिबुर रहमानको जन्म शतवार्षिकी मनाउने कार्यक्रममा सहभागी हुने सिलसिलामा राष्ट्रपति भण्डारी यही चैत ९ र १० गतेसम्म बङ्गलादेशको राजकीय भ्रमण सम्पन्न गरी मंगलबार स्वदेश फर्किएकी हुन् ।

भ्रमणको पहिलो दिन राष्ट्रपति भण्डारीले बङ्गलादेशको सावर स्थित राष्ट्रिय शहीद स्मारकको भ्रमण गर्नु भई बङ्गलादेशका शहिदहरूप्रति श्रद्धाञ्जलि अर्पण गरेकी थिइन । सोही दिन राष्ट्रपति भण्डारीको समुपस्थितिमा बङ्गलादेशको ढाकाको नेशनल



परेड ग्राउण्डमा बङ्गबन्धुको जन्म शतवार्षिकी कार्यक्रम भव्य समारोहबीच सम्पन्न भएको भ्रमण दलमा सहभागी मन्त्री ज्ञवालीले जानकारी गराए । सो समारोहमा बङ्गलादेशका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरू एवं विशिष्ठ व्यक्तित्व सहभागी रहेका थिए । राष्ट्रपति भण्डारीले बङ्गबन्धुको जन्म शतवार्षिकी कार्यक्रममा "नेपाल-बङ्गलादेश सम्बन्ध एवं बङ्गबन्धुको जन्म शतवार्षिकी" शीर्षकमा मन्तव्य व्यक्त गरेकी थिइन । त्यस अवसरमा उनले नेपाल र बङ्गलादेशबीचको मैत्रीपूर्ण सम्बन्धलाई अझ प्रगाढ बनाएर लैजानुपर्ने आवश्यकता औंल्याउनुभएको मन्त्री ज्ञवालीले बताए । राष्ट्रपति भण्डारीले बङ्गबन्धुको व्यक्तित्वको बारेमा चर्चा गरेका गरेकी थिइन । उक्त कार्यक्रममा नेपालको सांस्कृतिक टोलीद्वारा नेपाली संस्कृति झल्कने सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो ।

राष्ट्रपति भण्डारीले बङ्गलादेशका राष्ट्रपतिसँग ढाकामा सोमबार द्विपक्षीय वार्ता गरेकी थिइन । सो वार्ताको क्रममा उनीहरूबीच नेपाल तथा बङ्गलादेशबीचको मैत्रीपूर्ण सम्बन्धलाई अझ प्रगाढ एवं फलदायी बनाउने सन्दर्भमा द्विपक्षीय हितका सबै पक्षहरूमा छलफल एवं विचारको आदानप्रदान भएको मन्त्री ज्ञवालीले जानकारी दिए । साथै, दुई देशबीचको राजनीतिक सम्बन्धलाई सुदृढ गर्दै आर्थिक सम्बन्धलाई अझ गहिरो एवं फलदायी बनाउँदै लैजाने कुरामा सहमति भएको थियो ।

त्यस अतिरिक्त ऊर्जा व्यापारको लागि द्विपक्षीय सहकार्यलाई अघि बढाउने, द्विपक्षीय व्यापारको प्रवर्द्धन गर्ने र व्यापारलाई सन्तुलित बनाउने, बङ्गलादेशले नेपाललाई सरल एवं सहज ढङ्गबाट पारवहन सेवा उपलब्ध गराउने, कृषि, संस्कृति, पर्यटन लगायतका क्षेत्रको विकासको लागि दुवै देशको सम्भाव्यतालाई आपसी सहकार्यको माध्यमबाट उच्चतम उपयोग गर्ने जस्ता विषयमा छलफल भएको थियो । भ्रमणका दौरान राष्ट्रपति भण्डारी तथा बङ्गलादेशका प्रधानमन्त्री महामहिम शेख हसिनाबीचको भेटघाटको अवसरमा नेपालको जलविद्युत् बङ्गलादेशमा निर्यात गर्ने, दुवै देशबीचको व्यापारमा वृद्धि एवं सन्तुलन कायम गर्ने, हवाई सेवाको विस्तार, रेलसेवा तथा सडकमार्गको सुधार गर्ने विषयमा छलफल भएको मन्त्री ज्ञवालीले बताए । साथै, अन्तर्देशीय जलमार्गको सञ्चालन जस्ता सम्पर्क सञ्जालको विकास गर्ने, नेपालको लागि बङ्गलादेशबाट थप पारवाहनको सुविधा उपलब्ध गराउने, शिक्षा एवं कृषि क्षेत्रमा सहकार्य वृद्धि गर्ने तथा जलवायु परिवर्तन जस्ता समसामयिक र ज्वलन्त विषयमा क्षेत्रीय एवं अन्तर्राष्ट्रिय मञ्चहरूमा एकापसमा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## कास्कीमा ३०० पत्रकार र परिवारको स्वास्थ्य बीमा शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १० चैत**

नेपाल पत्रकार महासङ्घ कास्की शाखाले शाखामा आबद्ध पत्रकार तथा उनीहरुका परिवारका सदस्यको स्वास्थ्य बीमा शुरु गरेको छ।

म हा स ङ् घ ले पोखरामहानगरपालिकाको आर्थिक सहयोग र नेपाल सरकारको स्वास्थ्य बीमा बोर्डसँगको सहकार्यमा शुरु गरेको पारिवारिक स्वास्थ्य बीमा कार्यक्रमको सोमबार महानगर प्रमुख मानबहादुर जिसीले शुभारम्भ गरे । प्रेस स्वतन्त्रता सेनानी एवं अग्रज पत्रकार बद्रीविनोद प्रतीक र उनकी श्रीमती सावित्री खनाललाई बीमा परिचयपत्र हस्तान्तरण गरेर प्रमुख जिसीले बीमाको कार्यक्रम शुभारम्भ गरेका थिए। बीमा कार्यक्रमअन्तर्गत पाँच जनासम्म परिवारका सदस्य रहेका पत्रकारको वार्षिक रु तीन हजार ५०० भुक्तानी महासङ्घबाट गरिने र परिवारका सदस्यले वार्षिक रु एक लाखसम्मको स्वास्थ्योपचार सुविधा बीमाबाट प्राप्त गर्ने शाखा अध्यक्ष दीपेन्द्र श्रेष्ठले बताए । उनका अनुसार देशमै पहिलोपटक शुरु गरिएको यस कार्यक्रममा शाखामा आबद्ध ३०० पत्रकारको परिवारका सदस्यको बीमा गरिनेछ । पाँच जनामाथिको परिवारका सदस्यका लागि प्रतिसदस्य रु ७०० भुक्तानी गरिने बताइएको छ।

महानगरले स्थापना गरेको पत्रकार कल्याणकारी कोषअन्तर्गत अघिल्लो दुई आर्थिक वर्षमा रु ४५ लाख बजेट निकासा भएको र चालु वर्षमा रु २० लाख थप गरेर रु ६५ लाख पुऱ्याइने र सोको ब्याजबाट पत्रकारका परिवारको बीमा गरिने महासङ्घले जनाएको छ।

सो कोषलाई वृद्धि गरी रु एक करोड बनाउन महानगरसँग आग्रह गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिए । उनले भने, "पोखराका पत्रकारको स्वास्थ्य बीमा गर्न पाए हुन्थ्यो भन्ने ठूलो सपना थियो, लामो प्रयासपछि अत्यन्त मेहनतका साथ त्यसलाई फत्ते गरेका छौं । पत्रकार र उहाँहरुको परिवारका सबै सदस्यको बीमा गर्ने सपना पूरा भएको छ।"

कार्यक्रममा महानगर प्रमुख जिसीले आफू निर्वाचित भएर आएपछि पत्रकारका लागि देखिने गरी उपलब्धिमूलक काम गर्ने योजना रहेको चर्चा गर्दै स्वास्थ्य बीमा कार्यक्रमबाट पत्रकारसहित उनीहरुका परिवारलाई समेत सहयोग मिलेको बताए। स्वास्थ्य बीमा बोर्ड गण्डकीका प्रमुख जीवलाल खरेलले प्रदेशका मनाङ र मुस्ताङबाहेकका नौ जिल्लामा कार्यक्रम लागू भएको भन्दै हालसम्म कार्यक्रम प्रभावकार िरूपमा अघि बढेको जानकारी दिए। सेवाग्राहीको अनुकूलताका आधारमा सेवा केन्द्र छनोट गर्न सकिने बताउँदै उनीले सेवाका सम्बन्धमा उठेका गुनासालाई क्रमशः सुधार गर्दै लगिने प्रतिबद्धता व्यक्त गरे।

## सामूहिक रुपमा भेला भई होली नमनाउन आग्रह

**पोखरापत्र संवाददाता**
**दमौली, १० चैत**

कोभिड सङ्क्रमणको जोखिम बढेपछि तनहुँमा सामूहिक रुपमा भेला भई होली नमनाउन आग्रह गरिएको छ।

प्रमुख जिल्ला अधिकारी सागर आचार्यको अध्यक्षतामा मंगलबार बसेको जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रको बैठकले भीडभाड गरेर होली नमनाउन आग्रह गरेको हो । फागुपूर्णिमाको अवसरमा सामूहिक रुपमा भेला भई भीडभाड गरी होली मनाउँदा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## उपचारका लागि काठमाडौँ, पोखारा जानु नपर्ने गराउँछौँ : मुख्यमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**लमजुङ, १० चैत**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले लमजुङबासीलाईउपचारकालागि काठमाडौँ, पोखराका अस्पताल जानुपर्ने बाध्यता अन्त्य गर्ने विश्वास दिलाएका छन् ।

प्रदेशका सबै जिल्ला अस्पतालको गुणस्तर बढाएर उच्चस्तरको सेवा उपलब्ध गराउने उनले प्रतिबद्धता व्यक्त गरे ।

ल म जु ङ क्व्होलासोथर गाउँपालिका-३ घलेगाउँमा गण्डकी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयअन्तर्गत स्वास्थ्य निर्देशानालय पोखराद्वारा मंगलबारआयोजित दुईदिने बृहत् स्वास्थ्य शिविरको उद्घाटन गर्दै मुख्यमन्त्री गुरुङले गाउँगाउँका स्वास्थ्यचौकी र जिल्ला अस्पतालको क्षमता वृद्धि गरेर बिरामीलाई स्वास्थ्य



सेवा उपलब्ध गराउने योजना प्रदेश सरकारले बनाएको बताए।

यस वर्षभित्रै प्रदेशका ११ जिल्लामध्ये मनाङ र मुस्ताङ बाहेका जिल्ला अस्पतालमा पाँच शय्याको अक्सिजन प्यान्ट राखेर सेवा दिने व्यवस्था गर्न लागेको उनले जानकारी दिए । त्यस्तै, मनाङ र मुस्ताङबाहेकका नौ जिल्ला अस्पतालमा ५० शैया पुऱ्याउने योजनाअनुरुप प्रदेश सरकार अघि बढेको उनले बताए । प्रदेशका जिल्ला अस्तालालाई नमूना जिल्ला अस्पतालका रुपमा विकास गर्दै सोहीअनुसार बिरामीलाई सेवा दिनका लागि प्रदेश सरकार लागिरहेको उनको भनाइ छ । त्यस्तै, गण्डकी युनिभर्सल टिचिङ अस्पताल यस वर्षबाटै शुरु गर्ने तयारीमा रहेको भए पनि पर्याप्त जमीन भने भेटी नसकेकाले जमीनको खोजिमा सरकार रहेको मुख्यमन्त्री गुरुङले बताए।प्रदेश सरकारले नागरिकको स्वास्थ्यलाई प्राथमिकता दिएर अघि बढिरहेकाले गरिब उपचारबाट वञ्चित हुन नपर्ने उनको भनाइ छ।

क्व्होलासोथर गाउँपालिका अध्यक्ष प्रेम घले, उपाध्यक्ष एवं मुख्यमन्त्री गुरुङको धर्मपत्नी कुमारीमुनी गुरुङ, प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्मा, स्वास्थ्य कार्यालय लमजुङका प्रमुख अमर दवाडीलगायतले यस सञ्चालित शिविरले आर्थिक अभावले उपचार गर्न नसकेका नागरिक तथा बिरामीलाई सहयोग पुग्ने भन्दै यस शिविरमा सहभागी बनेर स्वास्थ्य जाँच गर्न आग्रह गरेका थिए।

दुईदिने निःशुल्क स्वास्थ्य शिविरमा यस गाउँपालिकाका घलेगाउँ, भुजुङ, मालिङ्लगायत गाउँपालिकाका स्थानीय लाभान्वित हुने भएका छन्।

## कांग्रेसको नेतृत्वमा सरकार निर्माणको तयारी गरिएको छैन: देउवा


**रासस**
**मोरङ, १० चैत**

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले अहिले आफ्नो दलका नेतृत्वमा सरकार निर्माण गर्ने तयारी नगरिएको बताएका छन् ।

विराटनगर विमानस्थलमा मंगलबार सञ्चारकर्मीसँग कुरा गर्दै उनले वर्तमान अवस्थामा सरकारमा सहभागी हुनका लागि पार्टीले मरिहत्ते नगरेको स्पष्ट गरे ।

सभापति देउवाले भने, "हाम्रो पार्टी प्रतिपक्षी भएकाले वर्तमान सरकारमा सहभागी हुँदैन, जनताले कांग्रेसलाई प्रतिपक्षको भूमिका निर्वाह गर्न आदेश दिएकाले सोहीअनुसार सशक्त भूमिका निर्वाह गर्ने छ।"

एक प्रश्नका जवाफमा पूर्वप्रधानमन्त्री देउवाले वर्तमान सरकार विरुद्ध आफ्नो दलले अविश्वास प्रस्ताव ल्याउने सम्बन्धमा आफूलाई थाहा नभएको बताउँदै अन्य दलले कहिले ल्याउने हो भन्नेबारे सम्बन्धित दलका नेतालाई नै सोध्न सल्लाह दिए । नेता देउवा सुनसरी, धरानको एक कार्यक्रममा सहभागी हुन गएका थिए।

# नेपालगञ्ज-पोखरा उडानका यात्रु बढेसँगै व्यवसायी उत्साहित

– जमुना शर्मा
पोखरा, १० चैत

आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित केही समयअघि शुरु गरिएको पोखरा-नेपालगञ्ज उडानमा यात्रुको सङ्ख्या बढ्न थालेपछि व्यवसायी उत्साहित भएका छन् । कोभिड-१९ को कारण सुस्ताएको पर्यटनलाई गति दिन फागुन ७ गते निजी क्षेत्रको प्रयासबाट उडान शुरु गरिएको थियो।

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेण्टस् (नाट्टा) को टोलीसहित नेपालगञ्ज उपमहानगरपालिका प्रमुख धवलशम्शेर जबरासहितको जनप्रतिनिधि र पर्यटन व्यवसायी सीता एयरलाइन्स चार्टर उडानबाट पोखरा आएर यसको औपचारिक शुभारम्भ गनुभएको थियो । त्यसयता हप्तामा दुई दिन मात्र उडान हुँदै आएकामा यात्रु सङ्ख्या बढेपछि अहिले हप्तामा तीन दिन उडान हुन थालेको छ । पोखरा-नेपालगञ्ज सिधा उडानसँगै यात्रुको सङ्ख्या बढेपछि अहिले यस क्षेत्रका व्यवसायीले पनि खुशी व्यक्त गरेका छन् । "गण्डकी नाट्टा र नेपालगञ्ज नाट्टा च्याप्टरको संयुक्त प्रयासबाट उडानको शुरुआत गरेका थियौँ, अहिले यात्रुको सङ्ख्या बढिरहेको छ", नाट्टा गण्डकीका अध्यक्ष सञ्जकान्त सिग्देलले भन्नुभयो । अहिले पर्यटन क्षेत्रमा सकारात्मक गतिविधि बढिरहेको छ । उहाँले उडानबाट आउने ६० प्रतिशत पर्यटकीय दृष्टिकोणले घुमघाम र ४० प्रतिशत पारिवारिक भेटघाटका कारण आउने गरेको बताउनुभयो।

देश दर्शन कार्यक्रमलाई लक्षित गरेर हप्तामा दुई दिन शुक्रबार र आइतबार भइरहेको उडान यात्रुको सङ्ख्या बढ्न थालेपछि बुधबार पनि थपेर तीन दिन बनाइएको सिग्देलले जानकारी दिनुभयो । उहाँका अनुसार भारतसँगको नाका खुलेसँगै भारतीय पर्यटकलाई लक्षित गरेर नेपालगञ्जबाट पोखरा हुँदै जोमसोमसम्म पुर्‍याउने लक्ष्य राखिएको छ । यसको लागि अन्य एयरलाइन्ससँग पनि छलफल भइरहेको छ । अहिले पोखरा र आसपासबाट अधिकांश टोली बाँके, बर्दिया र रारा तालको 'टुर प्याकेज'मा जाने गरेको सिग्देलले बताउनुभयो । नाट्टा नेपालगञ्ज च्याप्टरका अध्यक्ष श्रीराम सिग्देलले पनि उडान सेवा पुनः सञ्चालनसँगै यात्रुलाई निकै सहज बनाएको बताउनुभयो । "लामो समयपछि एउटा प्रयासको शुरुआत गरेका थियौं, यसले सकारात्मक नतीजा दियो", सिग्देलले भन्नुभयो, "अहिले यात्रुको सङ्ख्या बढ्दै गएको छ, यसले हामी निकै उत्साहित छौँ।"

अहिले जसरी यात्रुको सङ्ख्या बढ्दै गए उडान सङ्ख्या फेरि बढाउनु पर्ने भनाइ उहाँको छ । "अहिले अग्रिम बुकिङ शतप्रतिशत हुन थालेको छ, यसरी नै यात्रुको सङ्ख्या बढ्यो भने उडान पुनः थप्नुपर्छ", सिग्देलले भन्नुभयो । विशेषगरी गण्डकी धौलागिरिबाट बाँके, बर्दिया बसाइसराइ गरेर आएकालाई यस उडान सहजताले आफन्तजनसँग भेटघाट गराउनेदेखि आफ्नो जन्मथलोसम्म पुर्‍याउने गरेको उहाँको भनाइ छ।

पोखरा र आसपासका आन्तरिक पर्यटक बाँके, बर्दिया र रारा तालसम्म आउनेको सङ्ख्या पनि बढ्दै गएको र आगामी दिनमा यसको सङ्ख्या अझै बढ्न सक्ने उहाँको विश्वास छ। उहाँका अनुसार यसबीचमा बाँके, बर्दियाबाट केही विदेशी पोखरा घुम्न गएका छन् भने भारतीय पर्यटकको सङ्ख्या पनि बढ्दै गएको छ। अहिले सीता एयरको हप्तामा तीन दिन १८ सिटको जहाजबाट सेवा दिइरहेको छ। जहाजको भाडादर यसअघि रु पाँच हजार थियो भने भाडा वृद्धिसँगै रु पाँच हजार २०० बनाइएको छ।



फेवाताल थप व्यवस्थित बनाइनेः पोखरा महानगरपालिकाले फेवाताल तथा त्यस वरपर क्षेत्रलाई थप व्यवस्थित बनाउने उद्देश्यले माटो निकाल्दै । तस्वीरः राधिका कँडेल

# बेनी-जोमसोम सडक चार दिन बन्द हुने

पोखरापत्र संवाददाता
म्याग्दी, १० चैत

म्याग्दीको उत्तरी क्षेत्र हुँदै हिमाली जिल्ला मुस्ताङलाई जोड्ने बेनी-जोमसोम सडक चार दिनका लागि बन्द गरिने भएको छ । उत्तर/दक्षिण जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत ७६ किलोमिटर दूरीको बेनी-जोमसोम सडक २०७७ चैत १४ देखि १७ गतेसम्म बन्द गरिने जिल्ला प्रशासन कार्यालय मुस्ताङले जनाएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी जगदीश अर्यालले सोमबार एक सूचना जारी गरेर सडक स्तरोन्नति र निर्माणका लागि जिल्ला सुरक्षा समितिको निर्णयअनुसार बेनी-जोमसोम सडकमा चार दिन सवारी साधन आवतजावत रोकिने जानकारी गराएका हुन् । म्याग्दी र मुस्ताङको सिमानामा पर्ने काभ्रेभिर सडक स्तरोन्नति र मुस्ताङको थासाङ गाउँपालिका-४ को कैकुखोलामा सडक बेस बगाउने तथा पहिरोका कारण सवारी साधन चल्न नसक्ने र चलाउँदा पनि अत्यन्तै जोखिमयुक्त हुने भएकाले जोखिमबाट सम्भावित दुर्घटना रोक्न सवारी आवागमन बन्द गर्नुपरेको प्रशासनले जनाएको छ।

कालीगण्डकी करिडोरअन्तर्गत बेनी-जोमसोम ७६ किमी सडक चार प्याकेजमा स्तरोन्नति भइरहेको छ । प्याकेज-२ को काभ्रेभिरमा पुस १९ गतेदेखि सडक चौडा गर्न शर्मा-गजुरमुखी जेभीले पहाड काट्ने काम गरिरहेको छ। त्यहाँ एक किलोमिटर ६०० मिटर दूरीमा पहाड काट्नुपर्ने जनाइएको छ।

काभ्रेभिर बेनी-जोमसोम सडकको जोखिमयुक्त सडक पनि हो । निर्माण कम्पनीले नेपाली सेनाको सहयोगमा विस्फोटक पदार्थको प्रयोग गरी सडक चौडा गर्ने काम गरिरहेको छ । यस्तै सोही खण्डको थासाङ-४ कैकुमा पटक-पटक बाढीले सडक बगाउने र पहिरो जाने हुँदा सडक अवरुद्ध हुने गर्छ । सडक स्तरोन्नति गरी सडक सहज बनाउन जिल्ला सडक सुरक्षा समितिले यसप्रकारको निर्णय गरेको सहायक प्रमुख जिल्ला अधिकारी अर्याललले बताए । झण्डै रु छ अर्ब लागतको राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक आयोजना विसं २०७४ देखि निर्माण शुरु भएको हो । एक सय १० किलोमिटर दूरीको जोमसोम-कोरला सडक ग्राभेल गर्ने काम भइरहेको छ । आयोजनाका अनुसार जोमसोम-कोरला सडकको सात प्याकेजमध्ये चार प्याकेजको काम सकिएको छ । बेनी-जोमसोम सडकमा ६० प्रतिशत र जोमसोम-कोरला सडकमा ८५ प्रतिशत भौतिक प्रगति भएको आयोजनाका इञ्जिनीयर अश्विनीकुमार यादवले बताए।

# 'लेखनाथ खाष्टेताल जाऔँ प्रकृति र संस्कृतिमा रमाऔँ'

पोखरापत्र संवाददाता
पोखरा, १० चैत

तालैतालको शहर पोखराका लेखनाथमा यही चैत १२ देखि २२ गतेसम्म 'लेखनाथ खाष्टेताल जाऔँ प्रकृति र संस्कृतिमा रमाऔँ' भन्ने नाराका साथ प्रथम खाष्टेताल महोत्सव हुने भएको छ।

पोखरा महानगरपालिका-२६ स्थित खास्टेतालको प्रचारप्रसार, संरक्षणसँगै यसको धार्मिक र सांस्कृतिक पक्षको उजागरका लागि महोत्सव आयोजना गर्न लागिएको महोत्सव मूल समारोह समितिका अध्यक्ष हरिप्रसाद अधिकारीले जानकारी दिए । उनले जैविक विविधताको संरक्षण गर्दै काललाई सुन्दर आकर्षक बनाएर आन्तरिक तथा बाह्य पर्यटकको उत्कृष्ट गन्तव्यसहित राष्ट्रियस्तरमा चिनाउन महोत्सवले सघाउ पुर्‍याउने विश्वास व्यक्त गरे । महोत्सवले स्थानीय उत्पादनको प्रवर्द्धन गर्ने बताइएको छ । कोभिड-१९ को प्रकोप बढिरहेको सन्दर्भमा सरकारले सभा, सम्मेलन, जमघट गर्न नगराउन भने पनि महोत्सव अन्तिम तयारीमा पुगेकाले स्वास्थ्य सकर्तकतासहित महोत्सव सम्पन्न गरिनु हुने आयोजकको भनाइ छ।

खास्टे तथा न्युरेनी ताल किनार खरानेफाँटमा हुने महोत्सव सफल बनाउनका लागि विभिन्न ३२ उपसमिति गठन गरिएको छ । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको प्रवर्द्धनमा हुने सो महोत्सवले पर्यटकीय सम्पदाको संरक्षणसँगै स्थानीयवासीको जीविकोपार्जनमा पनि भूमिका खेल्दै जाने विश्वास लिएको पर्यटन बोर्डका गण्डकीका प्रमुख काशीराज भण्डारीले जानकारी दिए । उनले परापूर्वकालमा भृगुमुनिले तपस्या गरी 'जेष्ठी तालबाराही मन्दिर' प्रतिस्थापन गरेर 'ऋषि डाँडा' बस्ती बसालेको ऐतिहासिक महत्व रहेको उल्लेख गर्दै यस क्षेत्रको धार्मिक एवम् सांस्कृतिक पक्षहरू महोत्सवबाट उजागार हुने विश्वास व्यक्त गरे । आयोजकका अनुसार महोत्सव आयोजना गर्न ९७ लाख ५० हजार खर्च लाग्ने अनुमान गरिएको छ । मेलामा स्थानीय उत्पादनलगायत ११० स्टल रहनेछन् । रामसारमा सूचीकृत भइसकेको अवस्थामा ताल किनारमा पाइने जैविक विविधता संरक्षणलाई समेत महोत्सवले सहयोग पुर्‍याउने आयोजकको भनाइ छ।

तीनसय रोपनी क्षेत्रफल रहेको खास्टेतालको संरक्षणका लागि तत्कालीन लेखनाथ नगरपालिकाले माटोको ड्याम लगाएर सीमाङ्कन गरी संरक्षणको पहल थालेको थियो । हाल सो स्थानमा स्थानीयवासीले सहकारीमार्फत व्यावसायिक माछापालनसमेत हुँदै आएका छन्। खास्टे र गुँदें तालबाट सहकारीले व्यावसायिक उत्पादन गर्दै आएको हो । तालमा ग्रासकार्प, कमन, रघु, नैनी, तिलपियालगायत माछा रहेका छन्।

# राष्ट्रपति ...

सहयोग, अभिवृद्धि र सहकार्य गर्नेलगायतका विविध विषयहरूमा छलफल भएको थियो।

भ्रमणका क्रममा बङ्गलादेशका परराष्ट्र मन्त्री डा ए.के. अब्दुल मोमेनले पनि सोमबार राष्ट्रपति भण्डारीसँग शिष्टाचार भेटवार्ता गरेका थिए। सो समयमा द्विपक्षीय हितका विविध विषयमा कुराकानी भएको र भ्रमणको अवसरमा नेपाल र बङ्गलादेशबीच विभिन्न चार समझदारी पत्र (लेटर अफ एक्सचेन्ज)मा हस्ताक्षर भएको मन्त्री ज्ञवालीले बताए।

राष्ट्रपति सोमबार साँझ उनको सम्मानमा बङ्गलादेशका राष्ट्रपतिबाट आयोजित राजकीय भोजमा सरिक भएकी थिइन । यसैगरी मंगलबार बिहान राष्ट्रपति भण्डारीले बङ्बन्धु मेमोरियल म्युजियमको भ्रमण गरी र बङ्गलादेशका राष्ट्रपिता बङ्गबन्धु शेख मुजिबुर रहमानप्रति श्रद्धान्जलि व्यक्त गरेकी थिइन।

राष्ट्रपतिले ढाकास्थित नेपाली राजदूतावासको भ्रमण गर्नुका साथै बङ्गलादेशमा रहेका नेपाली नागरिकहरूसँग भेटघाट गरेकी थिइन । राष्ट्रपति भण्डारीको नेतृत्वमा रहेको नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री ज्ञवालीलगायत परराष्ट्र मन्त्रालय, राष्ट्रपतिको कार्यालय एवं सम्बन्धित अन्य मन्त्रालयका अधिकारीहरू सहभागी रहेका थिए।

# सामूहिक ...

जोखिम बढ्न सक्ने भएकाले सबैलाई उक्त अनुरोध गरिएको हो।

कोरोना भाइरसको प्रकोप छिमेकी मुलुक भारतमा थप क्रियाशील भई सङ्क्रमितको दर बढ्दै गएको र मृत्युदरमा वृद्धि भएको सन्दर्भमा खुला सिमानाका कारण मानिसको आवतजावत बढिरहेकाले तनहुँ पनि जोखिम रहेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताए । बैठकले रात्रिकालीन समयमा सञ्चालन हुने व्यवसायको सन्दर्भमा सङ्क्रमणको अवस्थालाई विचार गरी राति १० बजेपछि बन्द गराउने निर्णय गरेको छ। बैठकले जात्रा, मेला महोत्सव, कन्सर्ट तथा भीडभाड हुने कार्यक्रम गर्न पनि रोक लगाएको छ।

सबै स्थानीय तहले भारतलगायत तेस्रो मुलुकबाट आउने व्यक्तिको लगत राखी निगरानी गर्ने गराउने निर्णय पनि बैकले गरेको छ।

# 'प्रदेश सरकारले खेलकूदलाई महत्व दिएको छ'

पोखरापत्र संवाददाता
लमजुङ, १० चैत

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले खेलकूद क्षेत्रलाई प्रदेश सरकारले धेरै महत्व दिइरहेको बताए।

लमजुङ क्व्होलासोथर गाउँपालिको खेलकूद विकास समितिले आयोजना गरेको क्व्होलासोथर गाउँपालिका लिग फुटबल प्रतियोगिताको मंगलबार समापन गर्दै उनले खेलकूद क्षेत्रको विकासका लागि प्रदेशमै अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण गर्न लागेको बताए। पोखरामा खेलकूद स्पोर्ट भिलेज निर्माण गर्न लागिएको र पोखरा रङ्गशालाजस्तै अर्को रङ्गशाला निर्माण गर्ने अभियानमा प्रदेश लागेको तथा त्यसको नीति निर्माण गर्ने एवं विस्तृत सर्वेक्षण गर्ने अभियानमा प्रदेश सरकार रहेको मुख्यमन्त्री गुरुङको भनाइ छ । मंगलबार भएको फाइनल खेलमा यस गाउँपालिकाका-४ भुजुङले क्व्होलासोथर गाउँपालिका लिग कपको उपाधि हात पार्न सफल भएको छ। वडा नं ५ सिम्दीलाई ३ का विरुद्ध चार गोल गर्दै भुजुङले उपाधि चुम्न सफल भएको हो।

दोस्रो स्थान प्राप्त गर्न सफल सिम्दीले रु ५० हजार, मेडल प्रमाणपत्र प्राप्त गरेको छ। विजयी खेलाडीलाई गण्डकी प्रदेशका मुख्यमन्त्री गुरुङ र गाउँपालिका अध्यक्ष प्रेमबहादुर घलेले पुरस्कार वितरण गरेका थिए। गत ५ गतेदेखि सञ्चालित यस प्रतियोगितामा गाउँपालिकाका नौवटै वटाले सहभागिता थियो । आगामी दिनमा समेत यस प्रतियोगितालाई निरन्तरता दिइने खेलकूद विकास समितिका अध्यक्ष गङ्गा घलेले बताए।





कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिनेः
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिनेः
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# शिक्षक खवासको उपचारका लागि जापानबाट ४ लाख बढी सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १० चैत**



कलेजोसम्बन्धी समस्याबाट पीडित शिक्षक हंसराज खवास (विजय)को उपचार सहयोगका लागि जापानमा संकलित ४ लाख ६ हजार रुपैयाँ सहयोग रकम हस्तान्तण गरिएको छ।

पश्चिमाञ्चल सामुदायिक अस्पताल, लखनचोक, पोखरामा उपचाररत शिक्षक खवासको उपचारका लागि एकता आवासीय मावि, गलकोट नगरपालिका वडा नं. ५, हरिचौर, बागलुङका पूर्व शिक्षक, विद्यार्थी, अभिभावकतथासमाजसेवीहरूबाट संकलित सो रकम मंगलबार हस्तान्तरण गरिएको हो। शिक्षक खवासको उपचारका लागि हाल जापानमा कार्यरत एकता आवासीय माविका पूर्व शिक्षक सन्तोष पुन, देवेन्द्र थापा, पूर्व विद्यार्थी हिमाल कँडेल, दिलीप शर्मा, सुष्मा सिंह भण्डारी र कृष्ण बम मल्लको विशेष पहलमा सो रकम संकलन गरिएको हो। पश्चिमाञ्चल सामुदायिक अस्पतालमै आयोजित सहयोग रकम हस्तान्तरण कार्यक्रममार्फत् सो रकम अभिभावक तथा समाजसेवी बेलमती पुन र क्या. टोपबहादुर खत्रीले शिक्षक खवास र उहाँकी धर्मपत्नी डिकी शेर्पालाई हस्तान्तरण गर्नुभएको हो।

आर्थिक अभावमा उपचारमा समस्या भएपछि शिक्षक खवासको उपचारका लागि देश तथा विदेशबाट सहयोग रकम जुटाइएको हो। सहयोग रकम ग्रहण गर्दै शिक्षक खवासले सहयोगी मनहरूलाई धन्यवाद दिँदै सबैको सहयोगले आफू बाँच्न सफल भएको बताउनुभयो। सहयोग रकम हस्तान्तरण कार्यक्रममा गलकोट समाज पोखराका अध्यक्ष खडकबहादुर थापा, निवर्तमान अध्यक्ष मीनबहादुर खत्री, सल्लाहकार रुपबहादुर थापालगायतको उपस्थिति रहेको थियो। लामो समयसम्म एकता आवासीय मावि, गलकोटमा अध्यापन गर्नुभएका शिक्षक खवासको गलकोटको शैक्षिक विकासमा महत्वपूर्ण योगदान रहेको युवा समाजसेवी फरेन्द्र थापामगरले जानकारी दिनुभयो।

# मापदण्ड विपरित पाउरोटी उद्योग

**पोखरापत्र संवाददाता**
**दमौली, १० चैत**

तनहुँको शुक्लागण्डकी नगरपालिकामा सञ्चालित पाउर
ोटी उद्योगमा फोहर भेटिएको छ।

जिल्ला प्रशासन कार्यालय तनहुँले गरेको अनुगमनका क्रममा यहाँ सञ्चालित उद्योगले सरसफाइको मापदण्ड पूरा नगरेको भेटिएको हो। सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालको नेतृत्वमा गरिएको अनुगमनका क्रममा चार उद्योग फोहर रहेको भेटिएको छ। उपभोक्ताको गुनासो आएपछि शुक्लागण्डकी नगरपालिकास्थित बेलचौतारा र खैरेनीटार बजारमा सञ्चालित उद्योग अनुगमन गर्दा सबैले मापदण्ड पूरा नगरेको भेटिएको सहायक प्रमुख जिल्ला अधिकारी बरालले जानकारी दिनुभयो।

बेलचौताराका कृष्ण पाउर
ोटी, खैरेनीटारको सूर्य पाउरोटी, आयसा अरमान पाउरोटी र प्रीति बेकरी उद्योगले सञ्चालनका लागि आवश्यक प्रक्रिया पूरा नगरेको अनुगमनबाट भेटिएको छ। "एकातर्फ उद्योग सञ्चालनका निम्ति आवश्यक प्रक्रिया पूरा नगरी उपभोक्ताको स्वास्थ्यमा खेलवाड गरेको भेटियो," उहाँले भन्नुभयो, "न उद्योगमा उत्पादित वस्तुको लेबलिङ छ, न त सरसफाइ नै।"

अनुगमनका क्रममा उद्योग वरपर झिङ्गा भन्किरहेको थियो भने एक दिन पछाडिको उत्पादन मिति राखेर बजार पठाउन प्याकिङ गरिएको भेटिएको थियो। यी उद्योगले मापदण्ड पूरा नगरेको पाइएपछि तीनका सञ्चालकलाई पत्रमार्फत स्थानीय प्रशासन कार्यालयमा उपस्थित हुन बोलाइएको छ।

"अधिकांश उद्योगमा फोहर छन्, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट अनुज्ञापत्र नलिएको र व्यवस्थित तरिकाले नचलाएको पाइयो," सहायक प्रजिअ बरालले भन्नुभयो, "उनीहरूलाई नियमानुसार कानूनी कारवाही गर्छौं।" उद्योग सञ्चालकलाई खाद्य ऐन २०२३ र उपभोक्ता संरक्षण ऐन र नियमावलीअनुसार कारवाही हुने उहाँले जानकारी दिनुभयो।

उपभोक्ताको स्वास्थ्यलाई मध्यनजर गर्दै हरेक महिना बजार अनुगमन गर्नुपर्ने शुक्लागण्डकी उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष सुजित हिराचनले बताउनुभयो। बजार अनुगमनले उद्योगी व्यवसायीलाई अनुशासित बनाउने बताउँदै उहाँले व्यवसाय गर्दा उपभोक्तको हितलाई पनि ख्याल गर्न सुझाव दिनुभयो।

जिल्ला प्रशासन कार्यालयले एक दिन अगाडि मात्रै व्यासनगरपालिका-२ मालेगबरमा सञ्चालित न्यू झलक दालमोठ उद्योग बन्द गराएको छ। उद्योगले दालमोठ, सिन्थेटिक ड्रिङ्क, अन्य उत्पादकको मिठाई आफैंले प्याक गरेको भेटिएको थियो।

उक्त उद्योगमा सामान खरिदको बिलसमेत भेटिएको थिएन भने उद्योगले अनुज्ञापत्र लिएको थिएन। अनुगमन पश्चात् उद्योगका सञ्चालक वीरेन्द्रकुमार श्रेष्ठसमेतको सहमतिमा हाल उत्पादन बन्द गरिएको छ भने उत्पादन भइसकेको वस्तुको उत्पादक स्वयंमले गुणस्तर परीक्षण गराउने सहमति भएको छ। उद्योगलाई १५ दिनभित्र सम्पूर्ण कानूनी प्रक्रिया पूरा गराउन निर्देशन दिइएको छ।

# हार्दिक समवेदना



जन्मः
२००३/०६/२५ गते

स्वर्गारोहणः
२०७७/१०/२६ गते

**स्व. मीनाकुमारी श्रेष्ठ**

यस श्री भिमसेन गुठी साँघुमुख महेन्द्रपुल पोखराका सक्रिय सदस्य दिलिप कुमार श्रेष्ठका ममतामयी आमा **मीनाकुमारी श्रेष्ठ** को ७४ वर्षको उमेरमा स्वर्गारोहण भएको आज ४५ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै सम्पूर्ण गुठीयारको तर्फबाट हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछौं। साथै यस दुखद् घडीको शोकसन्तप्त परिवारजनमा श्री भिमसेन देवताले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

**मन्दिरको संरक्षक नायो ओम लाल बडगामी**
**यस श्री भजनकिर्तन भिमसेन गुठीका भाइहरू**

| | | |
|---|---|---|
| कुलप्रसाद मर्सानी | निरन श्रेष्ठ | मानकाजी माकाजू |
| लेखतमान लाभाजू | केदारनाथ कायस्थ | विष्णुलाल जोजिजू |
| युवराज श्रेष्ठ | लक्ष्मी जोजिजू | विष्णुमान कायस्थ |
| | हरिलक्ष्मी कायस्थ | |


## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## पोखरा प्राविधिक शिक्षालय
**फुलबारी, पोखरा, फोन ०६१-५२८०४०**

Funded by: European Union

## आशय पत्र

**(सूचना प्रकाशित मितिः २०७७।१२।११)**

यस पोखरा प्राविधिक शिक्षालय, फुलवारी, पोखरा, कास्कीको लागि तपसिलमा उल्लेखित कार्यको लागि पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित निम्न लिखित मितिको सूचना बमोजिम रितपूर्वक प्राप्त हुन आएका शिलवन्दी दरभाउपत्रहरु मध्ये तपसिलमा उल्लेखित फर्मको दरभाउपत्र न्युनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा निम्न उल्लेखित कार्यको लागि देहायको फर्मको दरभाउपत्र स्विकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सवै फर्महरुको जानकारीको लागि यो आशयपत्र जारी गरिएको छ।

| क्र.सं | कामको विवरण | ठेक्का नं. | सूचना प्रकाशित मिति | सिलवन्दी दरभाउपत्र दाताको नाम र ठेगाना | कवोल गरेको रकम भ्याट सहित |
|---|---|---|---|---|---|
| 1. | The Procurement of Services on Lodging & Food for Participants Of Residential Skill Development Training Program Of CTEVT, Pokhara Technical School, Fulbari- 12, Pokhara, Kaski | CTEVT/ PTS/SQ/ 04-2077-78 | 2077/11/21 | Fishtail Inn Pvt. Ltd, Pokhara, Kaski | 19,99,196/- |



## प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## पोखरा प्राविधिक शिक्षालय
**फुलबारी, पोखरा, फोन ०६१-५२८०४०**

Funded by: European Union

## आशय पत्र

**(सूचना प्रकाशित मितिः २०७७।१२।११)**

यस पोखरा प्राविधिक शिक्षालय, फुलवारी, पोखरा, कास्कीको लागि तपसिलमा उल्लेखित कार्यको लागि पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित निम्न लिखित मितिको सूचना बमोजिम रितपूर्वक प्राप्त हुन आएका शिलवन्दी दरभाउपत्रहरुमध्ये तपसिलमा उल्लेखित फर्मको दरभाउपत्र न्युनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा निम्न उल्लेखित कार्यको लागि देहायको फर्मको दरभाउपत्र स्विकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सवै फर्महरुको जानकारीको लागि यो आशयपत्र जारी गरिएको छ।

| क्र.सं | कामको विवरण | ठेक्का नं. | सूचना प्रकाशित मिति | सिलवन्दी दरभाउपत्र दाताको नाम र ठेगाना | कवोल गरेको रकम भ्याट सहित |
|---|---|---|---|---|---|
| 1. | The Procurement of Services on Lodging & Food for Participants Of Residential Skill Development Training Program Of CTEVT, Pokhara Technical School, Fulbari- 12, Pokhara, Kaski | CTEVT/ PTS/SQ /03-2077-78 | 2077/11/20 | Hotel Garden, Pokhara, Kaski | 19,99,286/40 |



## Machhapuchhre Rural Municipality
## Office of the Rural Municipal Executive
## Lahachowk, Kaski
## Gandaki Province, Nepal

## Invitation for Sealed Quotation

**First Date of Publication: March-24, 2021 (2077/12/11)**

Machhapuchhre Rural Municipality, Office of the Rural Municipal Executive, Lahachowk Kaski invites online E bid under e/procurement system from eligible bidders for the construction of project mentioned below under national competitive bidding mention bidding procedures all other information and biddocument can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit E-bidonline as per instruction within mentioned period.

| S. No. | Contract ID No. | Name of Project | Bid Document Fee Details | Bid validity | Bid Security Amount& Validity |
|---|---|---|---|---|---|
| 1 | 23/S-Q/ MRM/WORKS/ 077-78 | Madhya Margiya Motar Bato Astam Nuwagaun Gairagaun Handule | NRs. 1000.00 Bank: Prabhu Bank Ltd. Lahachowk Account No: 1400109223400069 Account Name: GA-1.1 ANTARIK RAJASHWO KHATA Rajaswo sirsak no: 14229 | 45 days | 37,000.00 30 days after bid validity |